# ककनी गाँउपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**रानीपौवा, नुवाकोट**
**२०७३**
**वागमती प्रदेश, नेपाल**

प.सं.२०८१/०८२
च.नं.२०६

मिति : ....२०८१/१२/२०....

विषयः स्वयंसेवक शिक्षक सम्बन्धमा ।

श्री विद्यालयहरु, सम्बन्धित सबे,

ककनी गाउँपालिका, नुवाकोट ।

उपर्युक्त सम्बन्धमा यस गाउँपालिकाभित्रका विद्यालयहरुमा शिक्षक-विद्यार्थी अनुपात, विषयगत शिक्षक दरबन्दीको विद्यमान अवस्था र आवश्यकता, प्रचलित कानुन बमोजिमको मापदण्ड र पालिकाको विद्यमान आन्तरिक स्रोत परिचालनको अवस्था समेतलाई मध्यनजर गर्दै कार्यपालिकाको मिति २०८१/११/२७ गतेको बैठकले शेक्षिकसत्र २०८२ बाट लागु हुनेगरी देहायबमोजिम मात्रै स्वयंसेवक शिक्षकको कोटा कायम गरिएको हुँदा सबै विद्यालयहरुले तपसिलबमोजिम गर्नुहुन अनुरोध छः

१. स्वयंसेवक कोटा कायम रहनेः

| क्र. सं | विद्यालयको नाम | ठेगाना | सञ्चालित कक्षा | स्वयंसेवक राख्नुपर्ने | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | प्रावि | निमावि | मावि | उमावि | |
| १ | भवानी मावि रानीपौवा | वडा नं. ४ | कक्षा १-१२ | | | १ | १ | २०८२ साउनदेखि |
| २ | काउलेदेवी ककनी ब्रा. मावि | वडा नं. ८ | कक्षा १-५ | | १ | | | |
| ३ | नवदुर्गा भवानी आवि | वडा नं. | कक्षा १-८ | | १ | | | |
| ४ | शान्तिदेवी आवि | वडा नं. २ | कक्षा १-६ | | २ | | | |
| ५ | अरुणोदय मावि | वडा नं. ८ | कक्षा १-८ | | २ | १ | | |
| ६ | ब्रम्हेश्वरी आवि | वडा नं. ६ | कक्षा १-८ | | १ | | | |
| ७ | गर्वासी मावि | वडा नं. ४ | कक्षा १-१० | | २ | १ | | |
| ८ | गौरीखर्क आवि | वडा नं. ३ | कक्षा १-८ | | २ | | | |
| ९ | जालपादेवी आवि | वडा नं. ५ | कक्षा १-८ | | २ | | | |
| १० | महाकाली मावि | वडा नं. २ | कक्षा १-१० | | १ | २ | | |
| ११ | नवजीवन मावि | वडा नं. ६ | कक्षा १-१२ | | २ | | | |
| १२ | पाँचकन्या आवि | वडा नं. | कक्षा १-५ | १ | | | | |
| १३ | ब्रह्मायणी आवि | वडा नं. ७ | कक्षा १-८ | | १ | | | |
| १४ | ककनी गणेश आवि | वडा नं. ५ | कक्षा १-८ | | १ | | | |
| १५ | महेन्द्र मावि | वडा नं ७ | कक्षा १-१२ | | | | १ | |
| १६ | विरेन्द्र आ.वि. | वडा नं. ५ | कक्षा १-५ | १ | | | | |

शिक्षा अधिकृत

इमेल : ito.kakanimun@gmail.com, वेभसाइट : www.kakanimun.gov.np

ककनी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रानीपौवा, नुवाकोट
बागमती प्रदेश, नेपाल
२०७३

२. विद्यालयहरुले गर्नुपर्ने:

- माथि बुँदा नं. १ को तालिकामा स्वयंसेवक शिक्षक नरहेको तर हाल स्वयंसेवक शिक्षक कार्यकरत रहेका विद्यालयहरुले पालिकाबाट प्राप्त चैत मसान्तसम्मको निर्वाह भत्ता उपलब्ध गराउने र त्यस पश्चात् म्याद थप नगर्ने ।
- माथि प्रस्तुत तालिका बमोजिम स्वयंसेवक शिक्षक दरबन्दी कायम रहेका विद्यालयहरुले पनि हाल निर्धारित संख्याभन्दा बढी कार्यरत रहेको भए म्याद थप नगर्ने । कायम रहने कोटामा कार्यरत स्वयंसेवक शिक्षकहरुबाट विषयगत आवश्यकता पूर्ति भइरहेको भए सोही स्वयंसेवक शिक्षकहरुलाई निरन्तरता दिन सकिने छ । तर विषयगत आवश्यकताको पूर्ति हुन नसकेमा हाल कार्यरत स्वयंसेवकहरुको चैत मसान्त पश्चात् म्याद थप नगरी पदपूर्तिका लागि गाउपालिकामा लेखी पठाउने ।
- माथि तालिकामा बिलकुलै नयाँ कोटा कायम गरिएका विद्यालयहरुले व्यवस्थापन समितिको बैठक राखेर विद्यालयको आवश्यकताको आधारमा कुन कुन विषयको स्वयंसेवकको पदपूर्ति गर्नुपर्ने हो स्पष्ट लेखेर पालिकामा पठाउने ।
- कार्यरत स्वयंसेवक शिक्षकहरु हटाइएका विद्यालयहरुले विद्यमान शिक्षकहरुबाटै कक्षा सञ्चालन गर्न बहुकक्षा शिक्षण पद्धति अनुरुप कक्षा व्ववस्थापन गरी शिक्षण गर्ने ।

.........................
पेमा दोर्जे थोकर
**शिक्षा अधिकृत**

CamScanner